Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD. 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १३१ | वि.सं. २०८३ भदौ ७ आइतवार | नेपाल संवत: ११४५, श्रावण शुक्ल एकादशी | Sunday 23 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-


## साउनमा एक खर्ब ८७ अर्बको आयात, ३८ अर्बको निर्यात

**युग संवाददाता**
**काठमाडौँ, ६ भदौ ।**

चालु आर्थिक वर्षको साउनमा रु एक खर्ब ८७ अर्ब ४४ करोड ३६ लाख २२ हजार मूल्य बराबरको वस्तु तथा सामान भित्रिएको छ। भन्सार विभागका अनुसार गत आर्थिक वर्षको साउनको तुलनामा चालु आवको सोही अवधिमा ३१ दशमलव शून्य चार प्रतिशतले आयात वृद्धि भएको हो।

गत आवको साउनमा रु एक खर्ब ४३ अर्ब चार करोड छ लाख ६९ हजार मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो। साउनमा रु ३८ अर्ब ७० करोड ४१ लाख ४६ हजार मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ। गत साउनको तुलनामा चालु आवको सोही अवधिमा निर्यात ६१ दशमलव ७२ प्रतिशतले बढेको छ। गत आवको साउनमा भने रु २३ अर्ब ९३ करोड २४ लाख ४१ हजार मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको भन्सार विभागले जनाएको छ।

## कर्मचारीको बेवास्ताले कभर्ड हल गौचरनमा परिणत



**सरला सुवेदी**
**बर्दिया, ६ भदौ ।**

जिल्ला खेलकुद विकास समिति, बर्दियाको अधीनमा रहेको गुलरिया नगरपालिका-४ तुलापुर स्थित कभर्ड हल तथा खेलकुद मैदान कर्मचारीको बेवास्ताका कारण अस्तव्यस्त बनेको छ। खेलाडीका लागि आवश्यक पिउने पानी, विद्युत् र शौचालयजस्ता आधारभूत सुविधा नहुँदा खेलाडीले सास्ती व्यहोर्नुपरेको छ भने खेलकुद मैदानसमेत पशु चौपाया चराउने र सवारीसाधन सिकाउने स्थलमा परिणत भएको छ।

कभर्ड हलमा कर्मचारी बस्नका लागि निर्माण गरिएको आवास भए पनि लामो समयदेखि प्रयोगविहीन हुँदा जीर्ण बनेको छ। कभर्ड हलको शौचालयसमेत अज्ञात समूहले तोडफोड गरेको लामो समय भइसक्दा पनि मर्मत हुन सकेको छैन। शौचालय प्रयोग गर्न नपाउँदा खेलाडीलाई समस्या हुने गरेको छ।

एथलेटिक्स खेलाडी गोपिन्द्र सुनारले कभर्ड हल खेलकुद गतिविधिभन्दा गौचरनका रूपमा प्रयोग भइरहेको गुनासो गरे। उनका अनुसार कभर्ड हलमा विद्युत्, पिउने पानी र शौचालयको समेत व्यवस्था छैन। "पानी पिउन नजिकैको बबई क्याम्पस जान खोज्दा पनि सहज हुँदैन," उनले भने।

कभर्ड हल सुरक्षाविहीन हुँदा वरपरको तारबारसमेत भत्काइएको छ। तारबार भत्काएर पशु चौपायालाई मैदानमा ल्याउने बाटो बनाइएको खेलाडीको भनाइ छ। अस्तव्यस्त मैदानमा गाडी सिकाउने कामसमेत हुने गरेको उनीहरूको गुनासो छ।

खेलाडी हिम विकले कभर्ड हल बेवारिसजस्तै बनेकाले जसले जे मन लाग्यो त्यही गर्ने अवस्था आएको बताए। "खेल्न आएका खेलाडीका लागि कुनै प्रशिक्षक आउँदैनन्," उनले भने, "कभर्ड हलदेखि करिब पाँच सय मिटरको दूरीमा जिल्ला खेलकुद विकास समितिको कार्यालय छ, तर कर्मचारीले कभर्ड हलको अनुगमनसमेत गर्दैनन्।"

जिल्लास्तरीय विभिन्न प्रतियोगिता सञ्चालन हुने कभर्ड हलको ट्र्याकसमेत निर्माण भएको पाँच वर्षमै जीर्ण बनेको छ। बर्दियामा आयोजना हुने फुटबल, भलिबल, कराते, तेक्वान्दो, दौडलगायतका प्रतियोगिता यही मैदानमा सञ्चालन हुँदै आएका छन्।

वि.सं. २०३६ सालमा जिल्ला खेलकुद विकास समितिको सात

बाँकी ३ पेजमा

# मलामी खोज्नुपर्ने अवस्थामा पुगे गाउँ

**लामो समय खेतीपाती गरेर जीवन चलाउने प्रयास गरे पनि सोचेजस्तो आम्दानी गर्न नसकेपछि परिवारसहित बाहिरिनु पर्ने बाध्यतामा नागरिक छन् । विगतमा अरुको बाँझो जग्गासमेत लिएर खेती गर्ने उनको गाउँको खेत तथा पारोबारी अहिले बाँझै छन् । बसाइँसराइको असर जनसंख्या घट्नुमा मात्रै सीमित छैन । यसले गाउँको उत्पादन प्रणालीदेखि सामाजिक सम्बन्ध र विकास निर्माणसम्म असर पार्न थालेको छ ।**



**कुलेन्द्र शाही**
**सुर्खेत, ६ भदौ ।**

केही समयअघि जाजरकोटको शिवालय गाउँपालिका-३ की ओढ कामीको मृत्यु भयो। परिवार शोकमा थियो। तर, मृत्युपछिको शोकसँगै परिवारले अर्को कठिनाइ बेहोर्नुपर्‍यो– अन्तिम संस्कारका लागि शव मसानघाटसम्म लैजान मलामी जुटाउनै मुस्किल भयो। गाउँमा काम गर्ने उमेरका पुरुषको संख्या घट्दै गएपछि परिवार र छिमेकीले निकै सास्ती खेप्नुपर्‍यो।

अन्ततः गाउँमा रहेका थोरै मानिसले जसोतसो शव घाटसम्म पुर्‍याए। एउटा व्यक्तिको मृत्युमा मलामीसमेत जुटाउन कठिन हुने यो अवस्था कर्णालीका ग्रामीण बस्तीमा बढ्दै गएको बसाइँसराइको गम्भीर संकेत हो।

रोजगारी, शिक्षा, स्वास्थ्य र आम्दानीका पर्याप्त अवसर नहुँदा गाउँका युवा शहर, सुविधासम्पन्न जिल्ला र वैदेशिक रोजगारीतर्फ गइरहेका छन्। कतिपय परिवार स्थायी रूपमै बसाइँ सरेका छन् भने कतिपयका युवा सदस्य भारत तथा तेस्रो मुलुकमा रोजगारीका लागि पुगेका छन्। त्यसको प्रत्यक्ष असर गाउँको जनसंख्या र सामाजिक संरचनामा देखिन थालेको छ।

शिवालय गाउँपालिका-३ का तिलक थापाका अनुसार गाउँमा अहिले युवा त परको कुरा, काम गर्ने उमेरका पुरुषसमेत भेट्न कठिन छ। 'एउटा मान्छे मर्दा शव बोक्ने मलामी नै पाइँदैन,' उनी भन्छन्, 'गाउँमा युवा भनेको एक-दुई जना मात्रै छन्। धेरैजसो रोजगारीका लागि बाहिर गएका छन्, केही बसाइँ सरेका छन्।' जुनीचाँदे गाउँपालिका-३ का विनोद खड्काको अनुभव पनि उस्तै छ। गाउँका अधिकांश युवा भारत तथा तेस्रो मुलुकमा रोजगारीका लागि गएको उनको भनाइ छ। 'गाउँमा रोजगारी हुने हो

बाँकी ३ पेजमा

## रोजगारी नै मुख्य कारण

बसाइँसराइका पछाडि धेरै कारण भए पनि रोजगारी र आम्दानीको अभाव मुख्य कारण देखिन्छ। गाउँमा खेतीपाती गरेर वर्षभरि परिवार पाल्न कठिन छ। उत्पादन लागत बढेको छ, बजार सुनिश्चित छैन र प्राकृतिक विपत्तिको जोखिम पनि उत्तिकै छ।

कृषि व्यावसायिक र आधुनिक हुन नसक्दा युवाले त्यसलाई भविष्यको आधार मान्न सकेका छैनन्। शिवालय गाउँपालिका-८ का वडाध्यक्ष जसबिर वली गाउँमा विकास निर्माणका काम गर्नसमेत युवा नआउने बताउँछन्।

आफ्नै गाउँमा श्रम गर्न हिचकिचाउने तर विदेशमा कठिन काम गर्न तयार हुने प्रवृत्तिले गाउँको भविष्यप्रति प्रश्न उठाएको उनको भनाइ छ। शिवालय गाउँपालिका अध्यक्ष शेरबहादुर शाहीका अनुसार बसाइँसराइ र वैदेशिक रोजगारीले गाउँको सामाजिक संरचनामै असर पारेको छ।

पालिकाले कृषि तथा स्वरोजगारका कार्यक्रम सञ्चालन गरे पनि युवालाई गाउँमै रोक्न चुनौती रहेको उनी बताउँछन्। 'कृषिलाई आधुनिक,

बाँकी ३ पेजमा

## गाउँ जोगाउने नीति आवश्यक

कर्णालीका गाउँ रित्तिनु केवल जनसंख्याको स्थानान्तरण होइन। यो स्थानीय उत्पादन, सामाजिक सम्बन्ध, संस्कृति र सामुदायिक जीवन कमजोर हुँदै जानुको संकेत पनि हो। गाउँमा मानिस नहुँदा खेतबारी बाँझिन्छन्, स्थानीय श्रम बजार खुम्चिन्छ, विद्यालयमा विद्यार्थी घट्छन् र सामुदायिक गतिविधि कमजोर हुन्छन्।

अन्ततः गाउँको आर्थिक र सामाजिक जीवन नै संकटमा पर्छ। त्यसैले बसाइँसराइ रोक्ने नाममा मानिसलाई जबर्जस्ती गाउँमा रोक्ने नीति सम्भव नभएको सरोकारवालाहरु बताउँछन्। गाउँमै बस्दा शहर वा विदेशमा भन्दा राम्रो जीवन जिउन सक्ने वातावरण बनाउनु आवश्यक रहेको जनसंख्या विद् डा. पदम खतिवडा बताउँछन्।

त्यसका लागि कृषि उत्पादनलाई बजारसँग जोड्ने, स्थानीय उद्योग स्थापना गर्ने, पर्यटनको विकास गर्ने, सीप र उद्यमशीलता बढाउने तथा शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार्ने काम एकसाथ अघि बढाउनु पर्ने उनले बताए। यसमा तीन तहका सरकारहरुले मसिनो गरी काम गर्नुपर्ने

बाँकी ३ पेजमा

## विकास निर्माणमा पनि श्रमिक संकट

गाउँमा युवा जनशक्ति नहुँदा विकास निर्माणका काममा समेत श्रमिकको अभाव हुन थालेको छ। शिवालय-३ तांगाचुलीस्थित मालिका मन्दिर निर्माण यसको उदाहरण हो। स्थानीय श्रमिक पर्याप्त पाइएको भए वैशाखमै सम्पन्न हुने निर्माण कार्य असारसम्म लम्बियो।

निर्माण समितिका अध्यक्ष दिल बुढाका अनुसार कामदारको अभाव नै निर्माणमा ढिलाइको मुख्य कारण बन्यो। 'काम गर्ने मान्छे नै पाइँदैन,' उनी भन्छन्, 'गाउँका धेरै बाहिर गएका छन्। भएका पनि गाउँमै काम गर्न रुचाउँदैनन्। तर भारतमा भने जुनसुकै काम गर्न तयार हुन्छन्।' डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ का बुद्धि सार्कीका अनुसार उनको क्षेत्रमा हुने विभिन्न निर्माण आयोजनामा समेत सल्यान, रुकुम र जाजरकोटलगायत जिल्लाबाट श्रमिक ल्याउनुपर्ने अवस्था छ। स्थानीय श्रमिक नपाइनु ग्रामीण अर्थतन्त्रको कमजोर अवस्थाको अर्को संकेत हो।

## गाउँमा बुढापाका मात्रै

कर्णालीका अधिकांश ग्रामीण बस्तीमा अहिले वृद्धवृद्धा, महिला, बालबालिका र केही सरकारी कर्मचारीबाहेक अरू भेट्न कठिन हुँदै गएको स्थानीयहरू बताउँछन्। छेडागाड नगरपालिका-५ का प्रेम विकको परिवार पनि यसको उदाहरण हो। उनका छोरा काठमाडौंमा पढ्छन्, छोरी सुर्खेतमा छन्। गाउँका धेरै घरको अवस्था यस्तै रहेको उनी बताउँछन्।

'गाउँमा हामीजस्ता बुढापाका मात्रै छौँ,' उनी भन्छन्। दैलेखका रामबहादुर शाहीका अनुसार गाउँमा युवाको उपस्थिति चाडपर्वमा मात्रै देखिन्छ। दशैं-तिहारमा गाउँ फर्किएका युवा केही दिनपछि फेरि शहर वा विदेशतिर फर्कन्छन्। दैलेख चामुण्डाकी लक्ष्मी कार्कीका लागि त चाडपर्वको अर्थ नै फेरिएको छ।

उनका लागि टीका र जमराभन्दा पनि छोराछोरी गाउँ फर्कने अवसर महत्वपूर्ण भएको छ। 'हामी बुढाबुढी मात्रै छौँ। छोराछोरी वर्षमा एकपटक मात्रै आउँछन्,' उनी भन्छिन्, 'अहिले त आफ्नै छोराछोरी पनि पाहुनाजस्तै लाग्न थाले। उनीहरूसँग भेट्न हामीले चाडपर्व कुर्नुपर्छ।' कर्णालीका गाउँमा सडक, विद्युत्, सञ्चार र विद्यालयलगायतका पूर्वाधार विस्तार भएका छन्। तर भौतिक पूर्वाधार पुगे पनि मानिसलाई गाउँमै बस्ने आधार तयार हुन सकेको छैन। सडक बनेका छन्, तर उत्पादनले बजार पाएको छैन।

विद्यालय छन्, तर गुणस्तरीय शिक्षाका लागि बालबालिका शहरतिर जान्छन्। स्वास्थ्य संस्था छन्, तर विशेषज्ञ सेवा र पर्याप्त जनशक्ति अभावमा उपचारका लागि बाहिर जानुपर्ने बाध्यता छ। रोजगारीका अवसर सीमित छन्। यही कारण गाउँ छाड्ने क्रम रोकिएको छैन।



## सम्पादकीय....

# विपद् पीडितलाई आहात नदेऊ !

जाजरकोटको भेरी नगरपालिका-२ रिसाङकी सपना वलीको परिवार अहिले त्रिपालमुनि रात कटाइरहेको छ। १० जनाको परिवार बस्दै आएको घर र जग्गा साउन ३० गतेको अविरल वर्षापछि आएको पहिरोले बगाएपछि उनीहरूको ओत लाग्ने ठाउँसमेत खोसिएको छ। दुई वर्षअघि गएको भूकम्पले घर चर्किएपछि अस्थायी बसोबासमा पुगेको परिवारलाई पहिरोले फेरि शून्यमा पुऱ्याएको छ। सपना वलीको पीडा अहिले जाजरकोटका धेरै भूकम्पपीडितको साझा नियति बनेको छ। २०८० कात्तिकको भूकम्पपछि स्थायी घर निर्माण हुन नसकेका परिवारहरू अस्थायी टहराको भरमा थिए। तर, ती टहरा पनि पहिरोको जोखिमबाट सुरक्षित रहेनन्। रिसाङमा मात्रै पहिरोमा परी चार जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्। दुई पहिरोबाट एक सय ६८ घरधुरीका आठ सय ९३ जना प्रभावित भएका छन्। भूकम्पपछि बनाइएका १३ अस्थायी टहरामा क्षति पुगेको छ भने गोठ र पशुचौपायासमेत गुमेका छन्। यसले विपद् व्यवस्थापनमा हाम्रो कमजोरी कति गम्भीर छ भन्ने देखाएको छ।

विपद्को मार घर भत्किनु वा जग्गा बग्नुमा मात्र सीमित छैन। विस्थापित परिवार एउटै स्थानमा ठूलो संख्यामा बस्न बाध्य हुँदा खानेपानी, सरसफाइ र स्वास्थ्यको समस्या बढेको छ। बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा सुत्केरी थप जोखिममा छन्। रुघाखोकी र ज्वरोका बिरामी बढिरहेका छन्। त्यसमाथि ५० शैयाको जाजरकोट अस्पतालमै पर्याप्त चिकित्सक नहुँदा उपचार सेवा प्रभावकारी बनाउन कठिन भइरहेको छ। यस्तो अवस्थामा राहतसँगै स्वास्थ्य सेवा र सुरक्षित खानेपानीलाई समान प्राथमिकता दिन आवश्यक छ। सरकारले राहत वितरण सुरु गरेको छ। जिल्ला प्रशासन कार्यालयले एकद्वार प्रणालीमार्फत राहत व्यवस्थापन गरिरहेको छ भने स्थानीय तह र स्वास्थ्य संस्थाले सेवा दिइरहेका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोलीले भूगर्भविद्सहित प्रभावित क्षेत्रको अध्ययन पनि थालेको छ। यी कदम आवश्यक छन्। तर, तत्कालीन राहतले मात्र समस्या समाधान हुँदैन।

सबैभन्दा महत्वपूर्ण प्रश्न सुरक्षित पुनःस्थापनाको हो। पहिरोको जोखिममा रहेका बस्तीलाई भूगर्भीय अध्ययनका आधारमा सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, भूकम्पपीडितको स्थायी घर निर्माण तत्काल अघि बढाउने र विपद् जोखिमलाई विकास योजनाको मूलधारमा समेट्ने काम अब ढिला गर्नु हुँदैन। एउटै परिवारलाई पटक-पटक राहतको लाइनमा उभ्याउने होइन, सुरक्षित जीवनको आधार दिने नीति आवश्यक छ। भूकम्पको घाउ निको नहुँदै पहिरोको चोट भोगिरहेका नागरिकलाई त्रिपाल र केही राहत सामग्री दिएर राज्यको दायित्व पूरा हुँदैन। उनीहरूलाई सुरक्षित छानो, सुरक्षित बस्ती र सम्मानपूर्वक पुनःस्थापित हुने अधिकार सुनिश्चित गर्नुपर्छ। विपद्को दोहोरो मारमा परेका नागरिकलाई फेरि अर्को विपद्को प्रतीक्षामा राख्नु हुँदैन। भूकम्पको पीडा बिर्सन नपाएका नागरिकलाई राज्यले अब पनि व्यवस्थापन गर्छौं भन्ने आश्वासन दिएर थप आहात नदेओस्। विपद्का समयमा नागरिकलाई राज्य साथमा रहेको महशुस गराउन नसकुन्जेल लोककल्याणकारी राज्यको अवधारणा पुरा कदापी हुँदैन। यसतर्फ राज्यका नियामक निकायले बेलैमा ध्यान पुऱ्याउ आवश्यक छ।

# विश्वका लागि नेपाली उत्पादन



✍ शोभा ज्ञवाली

नेपाल सरकारले सरकारी कार्यालय तथा सार्वजनिक निकायमा नेपाली उत्पादनलाई प्राथमिकता दिने र सम्भव भएसम्म नेपाली वस्तु तथा सेवाको प्रयोग अनिवार्य गर्ने सोच अघि बढाउनु अत्यन्तै स्वागतयोग्य कदम हो।

देशका प्रधानमन्त्रीदेखि सरकारी कार्यालयसम्म नेपाली खाना, नेपाली पोसाक र नेपाली उत्पादनलाई प्राथमिकता दिने संस्कार विकास हुनु केवल भावनात्मक राष्ट्रवाद होइन, सही ढंगले कार्यान्वयन गर्न सके नेपालको अर्थतन्त्रको संरचना नै परिवर्तन गर्न सक्ने महत्त्वपूर्ण आर्थिक अभियान हो। त्यसैले यस पहलका लागि सरकारलाई सलाम गर्नुपर्छ तर अब हामीले अझ गम्भीर प्रश्न सोध्नैपर्छ।

नेपाली उत्पादन प्रयोग गर्न अनिवार्य गर्ने हो भने त्यसको माग धान्न सक्ने पर्याप्त उत्पादन क्षमता हामीसँग छ ? यही प्रश्नबाट अब नेपालको 'मेड इन नेपाल' अभियानको वास्तविक परीक्षा सुरु हुन्छ। नेपाली उत्पादन प्रयोग गर्ने निर्णय स्वागतयोग्य छ, तर बजारमा आवश्यक मात्रामा गुणस्तरीय नेपाली वस्तु उपलब्ध छैन भने अनिवार्यताले मात्र परिणाम दिँदैन। आज नेपालमा कपडा तथा तयारी पोसाक, कृषि तथा खाद्यपदार्थ, कफी, चिया, जडीबुटी, आवश्यक तेल, हस्तकला, जुत्ता-चप्पल, फर्निचर, निर्माण सामग्री, प्याकेजिङ सामग्रीलगायत धेरै क्षेत्रमा उत्पादनको ठुलो सम्भावना छ। हाम्रो समस्या सम्भावना नहुनु होइन, उत्पादनको मात्रा, गुणस्तर, प्रविधि, पुँजी, सिप, बजार र निरन्तर नीतिगत सहयोगको कमी हो।

त्यसैले अब 'नेपाली उत्पादन प्रयोग गरौं' भन्ने नारासँगै 'नेपाली उत्पादन बढाऔं' भन्ने राष्ट्रिय अभियान पनि सुरु गर्नुपर्छ। सरकारले उद्यमीलाई केवल उत्पादन गर्न आग्रह गरेर पुग्दैन। सरकारले भन्न सक्नुपर्छ-तपाईं उत्पादन गर्नुहोस्, राज्यले तपाईंलाई पुँजी, प्रविधि, सिप, बजार, पूर्वाधार र नीतिगत सुरक्षा दिन्छ।' यही सोचले मात्र नेपाली उत्पादनको बलियो आधार निर्माण गर्न सक्छ। नेपालको आर्थिक मेरुदण्ड साना तथा मझौला उद्यम हुन्।

हजारौं नेपाली महिला, युवा र स्थानीय उद्यमीमा उत्पादन गर्ने क्षमता र इच्छाशक्ति छ तर उनीहरूसँग पर्याप्त पुँजी छैन। कसैसँग सिप छ तर बजार छैन, कसैसँग उत्पादन छ तर आधुनिक प्याकेजिङ र ब्रान्डिङ छैन। कसैसँग बजारको माग छ तर उत्पादन बढाउन आवश्यक चालु पुँजी छैन। त्यसैले सहज र कम ब्याजदरको ऋण, सुरुवाती पुँजी, चालु पुँजी, कर्जा सुरक्षण, उत्पादनमा आधारित अनुदान र व्यवसाय विस्तारका लागि विशेष वित्तीय व्यवस्था गर्नुपर्छ।

विशेषगरी महिला र युवाउद्यमीलाई लक्षित गरेर सरकारले राष्ट्रिय महिला तथा युवा उद्यम कोष स्थापना गर्न सक्छ तर विगतमा जस्तै कागजमा कार्यक्रम घोषणा गरेर मात्र हुँदैन। वास्तविक उद्यमीको हातमा वास्तविक पुँजी पुग्नुपर्छ। ऋण लिन महिनौं सरकारी कार्यालय र बैंक धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ। राम्रो व्यवसाय योजना भएका तर धितो राख्ने सम्पत्ति नभएका युवालाई पनि कर्जाको पहुँच दिनुपर्छ। उद्यमीलाई ऋण मात्र होइन, तालिम, परामर्श, प्रविधि, बजार र मार्गदर्शन पनि आवश्यक हुन्छ। अर्को अत्यन्त महत्त्वपूर्ण विषय हो, सिपयुक्त जनशक्ति।

आज हामी नेपाली युवालाई रोजगारीको खोजीमा विदेश पठाइरहेका छौं तर त्यही जनशक्ति नेपालमै उद्योग सञ्चालन गर्ने दक्ष कामदार बन्न सक्छ। त्यसैले प्रत्येक प्रदेशमा उद्योगको वास्तविक आवश्यकतासँग जोडिएका आधुनिक सिप विकास केन्द्र स्थापना गर्नुपर्छ। कपडा तथा टेक्सटाइल, खाद्यप्रशोधन, कफी प्रशोधन, जडीबुटी, आवश्यक तेल, प्याकेजिङ, मेसिन सञ्चालन, उत्पादन व्यवस्थापन, गुणस्तर नियन्त्रण, डिजाइन, डिजिटल बजार व्यवस्थापन र आधुनिक कृषिप्रविधिमा व्यावहारिक तालिम दिनुपर्छ। डिग्री मात्र होइन, उत्पादन गर्न सक्ने सिप भएको जनशक्ति निर्माण गर्नुपर्छ।

नेपालको अर्को ठुलो कमजोरी हो- हामी उत्पादन गर्छौं तर उत्पादनलाई ठुलो स्तरमा पुऱ्याउन सक्दैनौं। एउटा उद्यमीले राम्रो अचार बनाउँछ, अर्काले राम्रो कफी उत्पादन गर्छ, कसैले राम्रो कपडा बनाउँछ, कसैले राम्रो आवश्यक तेल उत्पादन गर्छ। तर ती उत्पादन सीमित बजारमा अड्किएका छन्।

अब स्थानीय उत्पादनलाई समूह र औद्योगिक समूहमा विकास गर्नुपर्छ। एउटै क्षेत्रमा समान प्रकृतिका उद्यमलाई जोडेर उत्पादन, प्रशोधन, प्याकेजिङ, गुणस्तर परीक्षण, ब्रान्डिङ र बजारीकरण सामूहिक रूपमा गर्न सकिन्छ। सानो उद्यमलाई सधैं सानो राख्ने होइन, सानो उद्यमलाई ठुलो उद्योगमा रूपान्तरण गर्ने नीति चाहिन्छ। नेपालका सातै प्रदेशलाई उत्पादनका विशेष केन्द्रका रूपमा विकास गर्न सकिन्छ। जहाँ जुन वस्तुको सम्भावना र तुलनात्मक लाभ छ, त्यहाँ त्यसैसँग सम्बन्धित उत्पादन समूह र उद्योग विकास गर्नुपर्छ। स्थानीय तहले स्थानीय उत्पादन पहिचान गर्ने, प्रदेशले पूर्वाधार र बजार व्यवस्थापनमा सहयोग गर्ने र संघीय सरकारले नीति, वित्त, प्रविधि तथा निर्यात सहजीकरण गर्ने स्पष्ट व्यवस्था हुनुपर्छ। काठमाडौंमा मात्र बजार खोज्ने होइन, प्रत्येक पालिका र प्रदेशमा बलियो स्थानीय बजार निर्माण गर्नुपर्छ।

सरकारी खरिद नीति 'मेड इन नेपाल' अभियानको सबैभन्दा शक्तिशाली माध्यम बन्न सक्छ। सरकारी कार्यालय, विद्यालय, अस्पताल, सार्वजनिक संस्थान तथा राज्यका विभिन्न निकायले गुणस्तर र प्रतिस्पर्धी मूल्य पूरा गर्ने नेपाली उत्पादनलाई प्राथमिकता दिए भने हजारौं उद्योगले स्थायी बजार पाउन सक्छन्। तर यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ - नेपाली भएकै कारण कम गुणस्तरको वस्तु किन्नुहुँदैन। 'मेड इन नेपाल'को अर्थ कम गुणस्तरको नेपाली सामान होइन। यसको अर्थ गुणस्तरीय, भरपर्दो, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय बजारमा उभिन सक्ने नेपाली उत्पादन हो।

कृषिलाई पनि अब परम्परागत ढाँचाबाट बाहिर निकाल्नुपर्छ। किसानले कच्चा पदार्थ मात्र उत्पादन गर्ने र त्यसको मूल्यवर्धन विदेशमा हुने अवस्था अन्त्य गर्नुपर्छ। नेपालमा कफी उत्पादन हुन्छ भने कफी प्रशोधन, भुटाइ, प्याकेजिङ र ब्रान्डिङ नेपालमै हुनुपर्छ। देशमा जडीबुटी उत्पादन हुन्छ भने त्यसबाट आवश्यक तेल, सौन्दर्य सामग्री र उच्च मूल्यका उत्पादन बनाउनुपर्छ। यहाँ फलफूल उत्पादन हुन्छ भने त्यसबाट जुस, सुकुटी, जाम तथा अन्य प्रशोधित खाद्य सामग्री उत्पादन गर्नुपर्छ। खेतदेखि कारखाना, कारखानादेखि बजार र बजारदेखि निर्यातसम्मको पूर्ण मूल्य शृंखला नेपालमै निर्माण गर्नुपर्छ। यससँगै नेपाली उत्पादनलाई विश्वबजारमा पुऱ्याउने स्पष्ट निर्यात रणनीति आवश्यक छ। अहिले हामी 'नेपालका लागि नेपाली उत्पादन' भनिरहेका छौं।

हाम्रो लक्ष्य भोलि 'विश्वका लागि नेपाली उत्पादन' भन्ने हुनुपर्छ। त्यसका लागि अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र, आधुनिक प्याकेजिङ, उत्पादनको एकरूपता, ब्रान्डनिर्माण, डिजिटल बजारीकरण, विद्युतीय व्यापार र निर्यातका लागि वित्तीय सहजीकरण आवश्यक छ।

नेपाली उत्पादनले भारत, चीन, खाडीमुलुक, युरोप, अमेरिका तथा अन्य अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण बनाउनुपर्छ। यसमा सबैभन्दा महत्त्वपूर्ण कुरा हो - नीतिगत निरन्तरता। नेपालमा सरकार र मन्त्री फेरिँदा नीति फेरिने प्रवृत्तिले निजी क्षेत्रलाई दीर्घकालीन लगानी गर्न निरुत्साहित गरेको छ।

उद्योगीले आज लगानी गर्दा भोलि नियम बदलिन्छ कि भनेर डराउने अवस्था रहिरह्यो भने उत्पादनको आधार बलियो बन्न सक्दैन। त्यसैले 'मेड इन नेपाल' कुनै एउटा सरकार वा प्रधानमन्त्रीको कार्यक्रम मात्र होइन, राष्ट्रिय आर्थिक नीति बन्नुपर्छ। कम्तीमा दश वर्षको स्पष्ट उत्पादन, रोजगारी, आयात प्रतिस्थापन र निर्यात वृद्धिको राष्ट्रिय कार्ययोजना आवश्यक छ।

हामीले अब केवल आयात रोक्ने कुरा गरेर हुँदैन। आयात प्रतिस्थापन गर्ने उत्पादन निर्माण गर्नुपर्छ। विदेशी सामान बहिष्कार गरेर मात्र नेपाली उद्योग बलियो हुँदैन। नेपाली उत्पादन गुणस्तरीय, भरपर्दो, आकर्षक र प्रतिस्पर्धी मूल्यमा उपलब्ध हुनुपर्छ। उपभोक्तालाई 'नेपाली सामान किन्नैपर्छ' भनेर भावनात्मक दबाब दिनुभन्दा 'नेपाली सामान राम्रो भएकाले हामी आफैं रोज्छौं' भन्ने अवस्था निर्माण गर्नु सरकारको वास्तविक सफलता हुनेछ। आज नेपालको अर्थतन्त्रलाई उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्नुपर्ने समय आएको छ। हाम्रो सबैभन्दा ठुलो शक्ति युवा जनशक्ति हो।

हाम्रो ठुलो सम्भावना कृषि हो। हाम्रो अर्को शक्ति उद्यमशीलता हो। तर यी सबैलाई पुँजी, प्रविधि, सिप, बजार र स्थिर नीतिसँग जोड्न नसक्दा हामीले आफ्नो सम्भावना गुमाइरहेका छौं। त्यसैले अब सरकारले 'मेड इन नेपाल उत्पादन अभियान' घोषणा गर्नुपर्छ। प्रत्येक प्रदेशमा उत्पादन समूह विकास गर्नुपर्छ। महिला तथा युवा उद्यमीका लागि सुरुवाती पुँजी र कम ब्याजदरको कर्जा उपलब्ध गराउनुपर्छ। सरकारी खरिदमा योग्य नेपाली उत्पादनलाई प्राथमिकता दिनुपर्छ। स्थानीय उत्पादनलाई प्रदेश र राष्ट्रिय बजारसँग जोड्नुपर्छ। उद्योगको आवश्यकताअनुसार दक्ष जनशक्ति तयार गर्नुपर्छ। गुणस्तर परीक्षण, प्रमाणीकरण, प्याकेजिङ र ब्रान्डिङमा सहयोग गर्नुपर्छ। कृषि र उद्योगबिच मूल्यवर्धित उत्पादनको शृंखला निर्माण गर्नुपर्छ। अन्ततः नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने निर्यातमुखी नीति लागु गर्नुपर्छ। नेपाललाई आत्मनिर्भर बनाउने सपना केवल नेपाली झन्डा बोकेर पूरा हुँदैन। खेतमा उत्पादन गरेर, कारखाना चलाएर, उद्यमीलाई पुँजी दिएर, युवालाई सिप दिएर, महिलालाई अवसर दिएर र नेपाली उत्पादनलाई विश्वबजारमा पुऱ्याएर मात्र पूरा हुन्छ।

आज सरकारले सरकारी कार्यालयमा नेपाली उत्पादन प्रयोग गर्ने ढोका खोल्दै छ। अब त्यो ढोकाबाट नेपाली उद्योग, नेपाली उद्यमी, नेपाली श्रम र नेपाली उत्पादनलाई विशाल बजारतर्फ प्रवेश गराउने जिम्मेवारी राज्यको हो। 'मेड इन नेपाल' केवल सामानमा लेखिएको शब्द होइन, यो नेपालको आर्थिक आत्मनिर्भरता, नेपाली श्रमको सम्मान र नेपाली भविष्यप्रतिको विश्वासको घोषणा हो। हामीले नेपाली उत्पादन प्रयोग गर्ने मात्र होइन, राष्ट्रको पहिचान नै उत्पादनमार्फत झल्किनुपर्छ। हामीले आयात गर्ने अर्थतन्त्र होइन, उत्पादन गर्ने अर्थतन्त्र निर्माण गर्नुपर्छ र 'मेड इन नेपाल'लाई केवल राष्ट्रिय नारामा होइन, विश्वबजारमा चिनिने नेपाली ब्रान्डमा रूपान्तरण गर्नुपर्छ।

*(नागरिक)*

## विश्व

# एल निनो र युद्धको दोहोरो मारमा सुडानको कृषि क्षेत्र

**गेदारेफ, ६ भदौ ।** सुडानमा नाइल नदीको जलस्तर घटेसँगै किसानहरू सिँचाइका लागि पानी जुटाउन सङ्घर्ष गरिरहेका छन्। यस वर्षको ढिलो र न्यून वर्षाले कृषि उत्पादन प्रभावित भएपछि कतिपय किसान वर्षाका लागि प्रार्थना गर्न बाध्य भएका छन्।

सुडानमा जारी युद्ध, इन्धन तथा मलको बढ्दो मूल्य र कमजोर बजारसँगै अहिले जलवायुजन्य समस्याले कृषि क्षेत्रलाई थप सङ्कटमा पारेको छ। सन् २०२३ अप्रिलदेखि सेना र अर्धसैनिक बलबीच जारी द्वन्द्वले देशको कृषि प्रणालीमा गम्भीर असर पुऱ्याएको छ।

प्रशान्त महासागरमा विकसित भइरहेको 'एल निनो' जलवायु प्रणालीका कारण यस वर्ष वर्षामा ढिलाइ भएको र नाइल नदीको जलस्तर घटेको विज्ञहरूले बताएका छन्। संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार सुडानमा यस मौसममा औसतभन्दा कम वर्षा र लामो खडेरीको जोखिम देखिएको छ।

जलवायु तथा जलविज्ञान वैज्ञानिक एल्फातिह एलताहिरका अनुसार एल निनो र नाइल नदीको बहाव घट्नुबीच प्रत्यक्ष सम्बन्ध छ। विशेषगरी दक्षिणपूर्वी सुडान र उत्तरपश्चिमी इथियोपियामा खडेरीको जोखिम बढ्ने गरेको उहाँको अध्ययनले देखाएको छ।

इथियोपियाको ब्लु नाइलमा रहेको ग्रान्ड रेनेसाँ ड्यामको जलाशयमा समेत गत जुलाईको तुलनामा यस वर्षको जुलाईमा पानीको सतह करिब छ मिटर कम रहेको जर्मनीको युनिभर्सिटी अफ टुबिन्जेनको तथ्याङ्कले देखाएको छ। एलताहिरले इथियोपिया, इजिप्ट र सुडानबीच जलाशय व्यवस्थापनमा थप पारदर्शिता र सहकार्य आवश्यक रहेको बताएका छन्।

इथियोपिया सीमासँग जोडिएको गेदारेफ राज्यमा ज्वार र तिलका खेतहरूमा वर्षाको अभावको असर देखिएको छ। सामान्यतः हरियाली हुने खेतहरू सुक्खा देखिएपछि किसानहरू वर्षाका लागि प्रार्थना गर्न स्थानीय धर्मगुरुसँग भेला भएका छन्।

कृषिमन्त्री इस्मत कुरेशीले किसानलाई खडेरी सहन सक्ने बाली रोज्न र रोपाइँ केही पछि सार्न सुझाव दिएका छन्।

युद्धका कारण इन्धन र मलको मूल्य बढ्नु तथा बजार कमजोर हुनु कृषि क्षेत्रका थप चुनौती हुन्। सुडानको करिब ६५ प्रतिशत कृषियोग्य जमिन अहिले खेतीबाहिर रहेको बताइएको छ।

अल-जजिरा राज्यका किसान हसन अहमदले दशकौँमा नाइल नदीको जलस्तर यति तल कहिल्यै नदेखेको बताए। उनका अनुसार पानीको अभाव, बढ्दो लागत र युद्धका कारण कृषि व्यवसाय पुनः सञ्चालन गर्न किसानहरूलाई कठिन भइरहेको छ।

सुडानमा जारी मानवीय सङ्कटकाबीच कृषि उत्पादनमा आएको गिरावटले खाद्य सुरक्षाको समस्या थप गम्भीर बनाउने जोखिम बढेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — स्वास्थ्य कमजोर रहनेछ। खर्च र चुनौतीको समय रहेको हुँदा व्यवहारमा सजग रहनुपर्ला। कामको चाप बढ्नेछ तर सानोतिनो समस्यामाले अल्झाउन सक्छ।

**वृष** — सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। आफन्तको उपहारले प्रसन्नता मिल्नेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ।

**मिथुन** — आँट गर्दा प्रतिस्पर्धीहरूलाई सजिलै पछि पार्न सकिनेछ। रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ।

**कर्कट** — पहिलेको सफलताले हौसला प्रदान गर्नेछ। भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ। अध्ययनमा राम्रो प्रगति गर्ने समय छ।

**सिंह** — अरूको फाइदाका लागि उपयोग भइनेछ भने अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान्।

**कन्या** — नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ।

**तुला** — शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ। अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ। केही अवसर प्राप्त भए पनि चुनौतीसँग जुध्नुपर्ने देखिन्छ।

**वृश्चिक** — आफन्त र साथीभाइको सम्पर्कबाट टाढा बस्न मन लाग्नेछ। आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन्। पहिलेका कमजोरी सुधार्ने प्रयत्न गर्नुहोला।

**धनु** — खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ।

**मकर** — आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। केही राम्रै अवसर प्राप्त हुनेछन्।

**कुम्भ** — पारिवारिक असमझदारीले कुनै काम रोकिन सक्छ। तापनि पुरानो समस्या सुल्झानाले नयाँ अवसर प्राप्त हुनेछ।

**मीन** — सामाजिक काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। शुभचिन्तकहरूको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ।

# ‘सुपर एल निनो’को सम्भावित जोखिम : चिन्ता ऊर्जा सङ्कटको

**युग संवाददाता**
**काठमाडौँ, ६ भदौ ।**

विश्वव्यापी जलवायु परिवर्तनशीलताको प्रमुख चालकका रूपमा रहेको ‘सुपर एल निनो’का नेपालमा सम्भावित जोखिमबाट ऊर्जा सङ्कट देखिन सक्ने जनाउँदै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । ‘सुपर एल निनो’का कारण तापक्रम बढ्ने, खडेरीको सम्भावना रहने र यसले पानीको स्रोतमा समेत कमी ल्याउँदा ऊर्जा क्षेत्र सहित समग्र सामाजिक-आर्थिक प्रणालीमा उल्लेख्य प्रभाव पार्न सक्ने जनाइएको छ ।

जलस्रोत, कृषि, ऊर्जा, खाद्य सुरक्षा तथा जनजीविकामा पर्नसक्ने जोखिम न्यूनीकरणका लागि राष्ट्रियस्तरमै पूर्वतयारी आवश्यक रहेकामा यस क्षेत्रका विज्ञ तथा सरोकारवालाले जोड दिएका छन् । सन् २०२६को अन्त्यदेखि २०२७ को सुरुआतसम्म एल निनो थप सशक्त भई ‘धेरै बलियो’ वा ‘सुपर एल निनो‘का अवस्थामा पुग्न सक्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रारम्भिक भनाइ छ ।

‘सुपर एल निनो’ सम्बन्धी वैज्ञानिक ज्ञान अभिवृद्धि गर्नु, विगतका एल निनो जोखिमबाट नेपालले प्राप्त गरेका अनुभव तथा सिकाइको समीक्षा गर्न, मौसमी पूर्वानुमान तथा जलवायु सेवाको उपयोग बढाउन, जलस्रोत, हिममण्डल, कृषि र ऊर्जा क्षेत्रमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्नु तथा आवश्यक नीति, अनुसन्धान र संस्थागत समन्वयका प्राथमिकता पहिचान गर्न सरोकारवाल निकायबीच छलफल सुरु हुन थालेको छ ।

शुक्रबार यहाँ आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले एल निनोको सम्भावित जोखिमका बारेमा अनुसन्धानकर्ता तथा कार्यान्वयनमा सङ्लग्न निकायलाई एउटै मञ्चमा ल्याएर छलफल गर्नु महत्वपूर्ण भएको बताए ।

उनले जलवायु तथा मौसमसम्बन्धी तथ्याङ्कमा तापक्रम, वर्षा, नदीको बहाव र पूर्वानुमानको चर्चा हुने गरे पनि ती तथ्याङ्कको प्रत्यक्ष सम्बन्ध नागरिकको जीवन, जीविकोपार्जन र अर्थतन्त्रसँग रहेको छ भने । सचिव दवाडीले भने, “धान रोप्नका लागि बीउ र मलको व्यवस्थापन गरिसकेको किसानले समयमा सिँचाइ नपाउँदा त्यसको असर वर्षाको तथ्याङ्कमा मात्र सीमित हुँदैन, यसले उसको समय, आम्दानी, उत्पादन र परिवारको जीविकामा असर पार्छ ।”

उनले पहाडी क्षेत्रमा पानीका मुहान सुक्दै जाँदा स्थानीय समुदायले पानीका लागि थप समय र श्रम खर्च गर्नुपर्ने तथा नदीको बहाव घट्दा जलविद्युत् उत्पादनमा प्रत्यक्ष असर परी ऊर्जा सुरक्षामा चुनौती थपिने सक्ने जोखिम रहेको जानकारी दिए । उनले भने,“एल निनो मौसमविद्को मात्र विषय होइन, यो विकास, जीविकोपार्जन र अन्ततः मानव जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो ।”



> “एल निनो मौसमविद्को मात्र विषय होइन, यो विकास, जीविकोपार्जन र अन्ततः मानव जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो ।”

नेपाल जलवायु परिवर्तनका दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सचिव दवाडीले मुलुकमा वार्षिक करिब २२५ अर्ब घनमिटर पानी उपलब्ध भए पनि यसको समयगत र स्थानगत वितरण असमान रहेकाले कृषि अझै मनसुनमा निर्भर रहेको जानकारी दिए । उनले नेपालको ऊर्जा प्रणालीमा जलविद्युत्को भूमिका निरन्तर बढ्दै गएको र हिमाल, हिमनदी तथा हिमाली क्षेत्र नदी प्रणाली र जल सुरक्षाका महत्वपूर्ण आधार रहेको उल्लेख गरे ।

सचिव दवाडीले नेपालमा विगतका एल निनो वर्षमा वर्षा घट्ने वा बढ्ने दुवै प्रवृत्ति देखिएको उल्लेख गर्दै उनले एल निनो देखिँदैमा नेपालमा निश्चित रूपमा कस्तो मौसम हुन्छ भन्ने निर्धारण नहुने बताए ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सरजुकुमार वैद्यले एल निनो महासागरमा हुने मौसमी फेरबदल मात्र नभई नेपालको जलस्रोत र अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्नसक्ने जलवायुजन्य जोखिम भएको जानकारी दिए ।

उनले भने , “विगतका अध्ययन तथा तथ्याङ्कले एल निनो र नेपालको वर्षाबीच सम्बन्ध देखाएको उल्लेख गर्दै उहाँले एल निनोका धेरै वर्षमा नेपालमा मनसुन कमजोर भई कम वर्षा भएको इतिहास रहेको छ । कमजोर मनसुनका कारण भूमिगत जल पुनर्भरण घट्ने, पहाडी क्षेत्रका मूल तथा धाराहरू सुक्ने तथा बढ्दो तापक्रमका कारण हिमाली क्षेत्रमा हिउँ र हिमनदी पग्लने दर तीव्र हुनसक्छ । ”

नेपालको ८० प्रतिशतभन्दा बढी विद्युत् उत्पादन नदीको बहावमा आधारित जलविद्युत् आयोजनामा निर्भर रहेको उल्लेख गर्दै वैद्यले नदीको बहाव घट्दा विद्युत् उत्पादनमा कमी आई राष्ट्रिय विद्युत् प्रणालीको सन्तुलनमा चुनौती आउनसक्ने बताए । सचिवालयका सहसचिव टिकाराम बरालले सुपर एल निनोको सम्भावित प्रभावलाई सम्बोधन गर्न ठोस कार्ययोजना निर्माणका लागि गोष्ठीले सहयोग पुग्ने बताए ।

उनले वैज्ञानिक पूर्वानुमान, जोखिम मूल्याङ्कन र सम्बन्धित क्षेत्रका कार्यान्वयन निकायबीचको समन्वयलाई प्रभावकारी बनाएर पूर्वतयारीका काम अघि बढाउनुपर्नेमा जोड दिए । गोष्ठीमा सुपर एल निनोका कारण नेपालमा पानी, खाद्य, ऊर्जा तथा विपद् व्यवस्थापनका क्षेत्रमा पर्नसक्ने सम्भावित प्रभाव, जोखिम न्यूनीकरणका उपाय, पूर्वानुमानको प्रयोग तथा संस्थागत समन्वयका विषयमा छलफल भएको थियो ।

**‘एल निनो बलियो हुँदै जाँदा कम वर्षाको सम्भावना बढ्छ : जल तथा मौसम विज्ञान विभाग**

जल तथा मौसम विज्ञान विभागले एल निनोको अवस्था कमजोरदेखि बलियो हुँदै जाँदा नेपालमा मनसुनका समयमा सामान्यभन्दा कम वर्षा हुने सम्भावना बढ्दै गएको जनाएको छ ।

विभागका महानिर्देशक डा अर्चना श्रेष्ठले एल निनोको अवस्थाअनुसार नेपालका विभिन्न भौगोलिक तथा प्रदेशगत क्षेत्रमा वर्षाको प्रवृत्ति फरक देखिए पनि बलियो एल निनोको अवस्थामा अधिकांश क्षेत्रमा सामान्यभन्दा कम वर्षाको अवस्था देखिने बताए ।

उनका अनुसार कमजोर एल निनोका अवस्थामा मनसुन अवधिमा ८० प्रतिशतभन्दा बढी स्थानमा सामान्यभन्दा कम वर्षा हुने प्रवृत्ति देखिएको छ । प्रदेशगत विश्लेषणमा मधेस र बागमती प्रदेशमा यस्तो सम्भावना ६६ प्रतिशत तथा कर्णाली प्रदेशमा शतप्रतिशतसम्म देखिएको उनले बताए ।

महानिर्देशक डा श्रेष्ठले भन्नुभयो, “कमजोर एल निनोमै पनि धेरैजसो ठाउँमा सामान्यभन्दा कम वर्षा देखिन्छ । बलियो एल निनो हुँदा त अधिकांश क्षेत्रमा सामान्यभन्दा कम वर्षा हुने अवस्था देखिन्छ ।”

उनका अनुसार हिउँदमा भने प्रदेशअनुसार वर्षाको प्रवृत्ति फरक देखिन्छ । कोशी प्रदेशमा केही अवस्थामा सामान्यभन्दा बढी वर्षाको सम्भावना शतप्रतिशतसम्म देखिएको छ भने अन्य प्रदेशमा सामान्यभन्दा कम वा बढी वर्षाको फरक-फरक सम्भावना देखिएको छ । विभागले एल निनोको अवस्थालाई कमजोर, मध्यम र बलियो गरी वर्गीकरण गरेर वर्षाको तथ्याङ्क विश्लेषण गरेको उहाँले जानकारी दिए ।

उनले एल निनोको प्रभावको अध्ययनबाट प्राप्त स्थानगत तथा समयगत सूचनालाई कृषि, वन, जलस्रोत, ऊर्जा तथा विपद् व्यवस्थापनका क्षेत्रमा फरक-फरक ढङ्गले उपयोग गर्न सकिने बताए । महानिर्देशक डा श्रेष्ठले एल निनोका कारण वर्षा घट्ने सम्भावना देखिए पनि सबै स्थानमा एउटै प्रकृतिको प्रभाव नपर्ने भएकाले पूर्वानुमानको स्थानगत सूचनालाई निर्णय प्रक्रियासँग जोड्नुपर्ने बताए । विभागले एल निनो र नेपालको वर्षाबीचको सम्बन्धका विषयमा थप विश्लेषण तथा प्रस्तुतीकरण जारी राखेको र केही सत्रको अध्ययन अझै बाँकी रहेको उनले जानकारी दिए ।

# जलवायु तथा विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तालिम

**युग संवाददाता**
**भेरीगंगा, ६ भदौं ।**

सहकर्मी समाजको आयोजना तथा भेरीगंगा नगरपालिकाको समन्वय र सहकार्यमा जलवायु तथा विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तीन दिने आधारभूत तालिम सम्पन्न भएको छ। तालिम भदौ ४ गतेदेखि ६ गतेसम्म सञ्चालन भएको हो ।

भेरीगंगा नगरपालिकाका नगर प्रमुख यज्ञप्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको तालिममा नगरपालिका अन्तर्गतका १३ वटै वडाबाट छनोट भएका २६ जना युवा स्वयंसेवकको सहभागिता रहेको थियो ।

तालिमको मुख्य उद्देश्य स्थानीय समुदायमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी आधारभूत ज्ञान तथा सीप अभिवृद्धि गर्नुका साथै विपद्का समयमा तत्काल उद्धार, प्राथमिक उपचार तथा प्रभावकारी प्रतिकार्य गर्न सक्ने दक्ष युवा स्वयंसेवक तयार गर्नु रहेको थियो ।

तीन दिने तालिमका क्रममा सहभागीहरूलाई विपद् जोखिम न्यूनीकरण चक्र तथा सम्बन्धित शब्दावली, प्राथमिक उपचारको परिचय, बिरामीको प्रारम्भिक अवस्था मूल्याङ्कन, जलन, नाकबाट रगत बग्ने समस्या, श्वासप्रश्वाससम्बन्धी समस्या तथा सीपीआर, घाँटीमा वस्तु अड्किने अवस्था, रक्तस्राव तथा आघात, घाउ, ब्यान्डेज, हड्डी भाँचिएको अवस्थामा गरिने प्राथमिक उपचार तथा घाइतेलाई सुरक्षित रूपमा उठाउने र स्थानान्तरण गर्ने विधि लगायतका विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । तालिममा सहभागी स्वयंसेवकहरूलाई विपद्का विभिन्न अवस्थामा अपनाउनुपर्ने सावधानी तथा प्राथमिक उपचारका विधिबारे जानकारी दिनुका साथै घाइते तथा बिरामीको प्रारम्भिक मूल्याङ्कन, रक्तस्राव नियन्त्रण, जलनको प्राथमिक उपचार, सीपीआर, ब्यान्डेज गर्ने तरिका तथा घाइतेलाई सुरक्षित रूपमा उठाएर स्थानान्तरण गर्ने अभ्याससमेत गराइएको थियो ।

तालिमबाट प्राप्त ज्ञान तथा सीपले भेरीगंगा नगरपालिकाका १३ वटै वडाका युवा स्वयंसेवकहरूलाई समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन अवस्थामा प्रभावकारी रूपमा परिचालन हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै, स्थानीय तहको विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै सुरक्षित, सक्षम तथा उत्थानशील समुदाय निर्माणमा युवा स्वयंसेवकहरूको भूमिका थप प्रभावकारी हुने विश्वास गरिएको छ । तालिमको समापनका अवसरमा सहभागी युवा स्वयंसेवकहरूले तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई आफ्नो समुदायमा व्यवहारमा उतार्दै विपद्को समयमा मानवीय सहयोग, प्राथमिक उपचार तथा उद्धार कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

तालिमले स्थानीय तहमा उपलब्ध युवा जनशक्तिलाई विपद् व्यवस्थापनसँग जोड्दै समुदायको तयारी, प्रतिकार्य क्षमता र विपद् जोखिम न्यूनीकरणमा स्थानीय सहभागिता अभिवृद्धि गर्ने महत्वपूर्ण आधार तयार गरेको आयोजकले जनाएको छ ।

# बैजनाथमा किशोरी लक्षित रक्तअल्पता जाँच

**युग संवाददाता**
**बाँके, ६ भदौ ।**



बैजनाथ गाउँपालिकाले किशोरीहरूमा देखिने रक्तअल्पता (एनिमिया) नियन्त्रणका लागि जिल्लामा पहिलो पटक विशेष जाँच कार्यक्रम सुरु गरेको छ । गाउँपालिकाले चालु आर्थिक वर्षदेखि विद्यालयस्तरमा स्वास्थ्यकर्मीको टोली खटाएर छात्राको रगतमा हेमोग्लोबिनको मात्रा परीक्षण गर्ने र आवश्यक परामर्श तथा उपचार दिने नमुना अभियान थालेको हो ।

गाउँपालिका उपाध्यक्ष निर्मला रोकायका अनुसार मातृ मृत्युदर घटाउने तथा गर्भवती अवस्थाका जटिलता समयमै पहिल्याउने उद्देश्यले गाउँपालिकाले आन्तरिक स्रोत जुटाएर निः शुल्क ग्रामीण भिडियो एक्सरे (अल्ट्रासाउन्ड) सेवा पनि सञ्चालनमा ल्याइएको छ । भिडियो एक्सरेमा जोखिम देखिएमा स्वास्थ्यकर्मीले तत्काल विशेषज्ञ अस्पतालमा प्रेषण (रेफर) गर्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो । यसबाहेक सुत्केरी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवा तथा बर्थिङ सेन्टरमा प्रयोगशाला सुविधा विस्तार गरिएको छ ।

बैजनाथ गाउँपालिका स्वास्थ्य शाखा प्रमुख लक्ष्मण शाहीका अनुसार बैजनाथका आठ वटै वडामा स्वास्थ्य संस्था क्रियाशील छन् । बनकटवा प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकसहितको टोली कार्यरत छ भने चिसापानी, नौवस्ता र टिटिहिरियामा स्वास्थ्य चौकी तथा अन्य वडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालित रहेका उहाँले जानकारी दिनुभयो । सङ्क्रमण तथा विपद् व्यवस्थापनका लागि पालिका र वडास्तरमा ‘रेपिड रेस्पोन्स टिम’ समेत परिचालन गरिएको छ ।

## कर्मचारीको...

बिघाभन्दा बढी जग्गामा कभर्ड हल तथा खेलकुद मैदान निर्माण गरिएको थियो । कर्मचारीका लागि निर्माण गरिएको आवास र कार्यालय सञ्चालनमा नआएको करिब दुई दशक भइसकेको छ । लामो समयदेखि विद्युत् महसुल नतिरेका कारण विद्युत् लाइन काटिएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।

कभर्ड हल र मैदानको मर्मत तथा संरक्षणका लागि पर्याप्त बजेट नभएको भन्दै समिति पन्छिने गरेको खेलाडीको आरोप छ । जिल्ला खेलकुद विकास समितिका प्रमुख भुपेन्द्र पुनमगरले बजेट अभावकै कारण मैदान र कभर्ड हलको आवश्यक मर्मतसम्भार गर्न नसकिएको बताए । एथलेटिक्स खेलाडी दिपेश दहितले करिब दुई दशकदेखि कभर्ड हलको उचित स्याहारसम्भार हुन नसकेको गुनासो गरे । “समितिका कर्मचारीले कभर्ड हलको चौरमा चौपाया चराउने काम बन्द गरिदिए हुन्थ्यो,” उनले भने, “खेलाडीका लागि पिउने पानीको व्यवस्था अविलम्ब हुनुपर्छ ।”

यसैबीच, आगामी मंसिर १६ देखि २९ गतेसम्म दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने तयारी भइरहँदा बर्दियाको खेलकुद पूर्वाधार र जनशक्तिको अवस्था भने कमजोर देखिएको छ । जिल्लामा जुडो र तेक्वान्दोबाहेक अन्य खेलका प्रशिक्षकको अभाव छ । एथलेटिक्स, कराते, उसु, फुटबल, क्रिकेट, खोखो, ब्याडमिन्टन, कुस्ती, बक्सिङ तथा भारोत्तोलनलगायतका खेल प्रशिक्षकविहीन छन् ।

जिल्ला खेलकुद विकास समितिका अनुसार उसु, कराते, तेक्वान्दोलगायत चार प्रशिक्षकको दरबन्दी रिक्त छ । प्रतियोगिता हुने समयमा मात्र खेलकुद गतिविधिमा ध्यान जाने र नियमित प्रशिक्षकसमेत नआउँदा खेलाडीले नियमित अभ्यास गर्न नपाएको गुनासो गरेका छन् ।

समितिका प्रमुख पुनमगरले प्रशिक्षकको व्यवस्थाका लागि केन्द्रसँग पटक-पटक माग गरिए पनि हालसम्म प्रशिक्षक पठाउन नसकिएको बताए । राष्ट्रियस्तरको प्रतियोगिता नजिकिँदै गर्दा खेलाडीको नियमित प्रशिक्षण, खेलमैदानको संरक्षण तथा आवश्यक भौतिक पूर्वाधारको तत्काल व्यवस्थापन गर्नुपर्ने माग खेलाडीहरूले गरेका छन् ।

## गाउँ...

उनको जोड छ । उनले भने, ‘गाउँमा रोजगारी सिर्जना नगरी युवालाई गाउँ फर्काउने भाषणले मात्र परिणाम दिँदैन । युवाले आफ्नो श्रमको उचित मूल्य पाउने र परिवारको भविष्य सुरक्षित देख्ने वातावरण बनाउनुपर्छ । कृषि, पशुपालन, जडीबुटी, पर्यटन र साना उद्योगलाई रोजगारीसँग जोड्न सकियो भने गाउँमा सम्भावना अझै छ ।’

## रोजगारी...

व्यावसायिक र आम्दानीमुखी बनाउन सकियो भने युवालाई गाउँमै रोक्न सकिन्छ,’ उनी भन्छन्, ‘गाउँ रित्तिँदै जानु निकै चिन्ताको विषय हो ।’

जाजरकोटबाट निर्वाचित सांसद खड्कबहादुर बुढा पनि गाउँमा रोजगारी र अवसर सिर्जना गर्न नसके केही वर्षमै समस्या अझ गम्भीर बन्ने बताउँछन् । गाउँबाट दक्ष जनशक्ति पलायन भइरहँदा भविष्यमा बालबालिका र वृद्धवृद्धा मात्रै गाउँमा रहने अवस्था आउन सक्ने उनको भनाई छ ।

## मलामी...

भने कसलाई घर छाड्न मन लाग्छ र ?’ उनी प्रश्न गर्छन्, ‘तर काम नपाएपछि बाध्य भएर सबै बाहिर गएका छन्। दशैं-तिहारमा मात्रै गाउँ भरिभराउ देखिन्छ ।’

कुनै समय मानिसको चहलपहलले भरिएका गाउँका घर अहिले क्रमशः रित्तिँदै छन् । आफ्नै घर र जग्गा भए पनि परिवारका अधिकांश सदस्य शहर तथा अन्य जिल्लामा बस्न थालेपछि गाउँमा घर, खेतबारी र वृद्धवृद्धा मात्रै बाँकी रहने अवस्था देखिएको छ । केही घरमा महिला र बालबालिका छन् भने कतिपय घर पूर्ण रूपमा बन्द छन् ।

शिवालय-५ थालारैकरकी गंगा शाही अहिले सुर्खेतको वीरेन्द्रनगरमा कोठा भाडामा लिएर बस्दै आएकी छन् । गाउँमा आफ्नै घर र जग्गा भए पनि खेतीपातीबाट परिवारको आवश्यकता पूरा गर्न नसकेपछि शहर बस्नुपरेको उनको भनाइ छ । ‘गाउँमा दुःख गरेर के गर्नु ? यहाँ गरेको मेहनत उठ्दैन,’ उनी भन्छिन्, ‘उत्पादनले छ महिना पनि पुग्दैन ।’ गाउँमा उनको घर अहिले पनि छ । तर घरमा परिवारका केही सदस्य मात्रै छन्। उनको जस्तै अवस्था कर्णालीका धेरै परिवारको छ ।

वर्षौं लगाएर बनाएका घरमा परिवारका सदस्यको संख्या घट्दै गएको छ । कतिपय घरमा वृद्धवृद्धा मात्रै छन् । कतिपय घरका ढोका बन्द छन् । घर वरिपरिका खेतबारीमा खेती हुन छाडेको छ । शिवालयकै नैनबहादुर शाही करिब दुई वर्षअघि गाउँ छाडेर बर्दियाको बढैयाताल बसाइँ सरे । लामो समय खेतीपाती गरेर जीवन चलाउने प्रयास गरे पनि सोचेजस्तो आम्दानी गर्न नसकेपछि परिवारसहित बाहिरिनुपरेको उनले बताए ।

विगतमा अरूको बाँभो जग्गासमेत लिएर खेती गर्ने उनको गाउँको खेत तथा पाखोबारी अहिले बाँझै छन् । बसाइँसराइको असर जनसंख्या घट्नुमा मात्रै सीमित छैन । यसले गाउँको उत्पादन प्रणालीदेखि सामाजिक सम्बन्ध र विकास निर्माणसम्म असर पार्न थालेको छ ।

**अनुसुची–१५**
**(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८३/०५/०३**

भौतिक पुर्वाधार निर्देशनालय सुर्खेतले बड्डिचौर-विउरेनी-बाबियाचौर-बिध्यापुर १३.१ कि.मि सडक निर्माण स्थलमा परेका रुखहरु नियमानुसार कटान मुछान भई समुहलाई हस्तान्तरण भई डिभिजन वन कार्यालय भेरी, सुर्खेतको च. नं. ७०, मिती २०८३।०४।२८ को लिलाम सहमती अनुसार जेजस्तो अवस्थामा छसोही अवस्थामा बोलपत्रदाताले आफ्नै खर्चमा उठाई लैजाने गरी श्री दानकाली सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.०६, सुर्खेतको सूचना अनुसार ०८२/०८३ मा घाटगद्धीमा राखिएको साल ग्रेड (ए) १२ थान २०६.७५ क्यूफिट, ग्रेड (बि) ११ थान ७४.७२ क्यूफिट, ग्रेड (सि) ४४ थान १४४.१८ क्यूफिट, ग्रेड (डि) १५ थान २६.१४ क्यूफिट, गरी जम्मा ८२ थान ४५१.७९ क्यूफिट, असना काठ ग्रेड (ए) २९ थान ४९१.३८ क्यूफिट, ग्रेड (बि) २१ थान १८३.१९ क्यूफिट, ग्रेड (सि) ४६ थान १९३.७५ क्यूफिट गरी जम्मा ९६ थान ८६८.३२ क्यूफिट, धौटी काठ ग्रेड (ए) १ थान ५.०४ क्यूफिट, वर्रो काठ ग्रेड (ए) ७ थान ४८.४५ क्यूफिट, सल्लो काठ ग्रेड (बि) ११ थान ४७.३५ क्यूफिट गरी कुल जम्मा १९७ थान १४२०.९५ क्यूफिट काठ/दाउरा, साल दाउरा चट्टा १.५० र साल मिश्रित दाउरा चट्टा ६.० जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री दानकाली सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-०६, सुर्खेत श्री वड्डीचौर सव-डिभिजन वन कार्यालय वड्डीचौर, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री दानकाली सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-०६, सुर्खेत ।**

# पहिरोले घर जोखिममा, पानी पर्नासाथ छिमेकीको घरमा बास

**युग संवाददाता**
**बैतडी, ६ भदौ ।**

बैतडीको सुर्नया गाउँपालिका-८ रातापानीकी मीना बोहरा पानी पर्न थालेपछि चिन्तित हुन्छिन् । "गत साउन २६ गते गएको पहिरोले खेतियोग्य जमिनमा क्षति पुऱ्यायो नै । पहिरो लगातार गैरहेकाले घर पनि जोखीममा परेको छ । पानी पर्न सुरु हुने बित्तिकै छिमेकीको घरमा बास खोज्न जानुपर्छ । निरन्तरको पहिरोले त्रसित बनाएको छ," मीनाले भने ।



मीनाको जस्तै पिरले सताउने गरेको रातापानीकै भुवनलाई पनि । "शौंचालय र भान्सा घरमा क्षतिमा पुऱ्याएको छ । पहिरो घरमा कतिखेर पस्ने थाहा छैन," भुवनले भने, "डराइ-डराइ बस्नुपरेको छ । पानी पर्न थालेपछि छिमेकीको घरमा बास खोज्न जानुपर्छ ।"

गत साउन २६ गते गएको पहिरोका कारण रातापानी टोलका सात घर उच्च जोखीममा परेका छन् । स्थानीय रामसिंह बोहरा, धनुवा बोहरा, मिना बोहरा, गम्भिर सिंह बोहरा, उदयसिंह बोहरा, चक्र बोहरा र कृष्ण बोहराको परिवार उच्च जोखिममा रहेको छ । लगातारको पहिरोका कारण गाउँ नै त्रासमा रहेको स्थानीय लालबहादुर बोहराले बताउनुभयो । पानी परेको समयमा घर छोडेर छिमेकीको घरमा जाने गरेको उहाँले जानकारी दिए । वि.सं "२०७८ सालदेखि पहिरो जान थालेको हो । त्यसपछि लगातार पहिरो खसिरहेको छ," उनले भने, "पटक पटक पहिरोको दीर्घकालिन रोकथामका लागि सम्बन्धीत निकायसँगै माग गर्दै आएको भएपनि कुनै सुनुवाई भएन । अहिले पहिरोको जोखीम बढ्दै गएको छ ।"


स्थानीयले पहिरो जोखीम कायमै रहेकाले बस्ती नै सार्नुपर्ने माग गरेका छन् । "घरमाथीको सबै जमिन चर्किएको छ । खानेपानीको पनि समस्या छ । बालबालिकालाई विद्यालय जान बाटो छैन," पहिरोको जोखीममा रहेका कृष्ण बोहराले भने, "दीर्घकालीन समस्याको समाधानका लागि बस्ती नै सार्न सके राम्रो हुन्थ्यो ।"

**४० रोपनी बढी खेतियोग्य जमिनमा क्षति**

स्थानीय गम्भिर बोहराले लगातारको पहिरोका कारण आफ्नो मात्रै करिब १५ रोपनी बढी खेतियोग्य जमिनमा क्षति पुऱ्याएको बताए । "पहिरोले मकै बाली लगाएको सबै खेतियोग्य जमिन बगायो । घर पनि जोखीममा छ । अब जाने काँ ?", बोहराले आँखाबाट आशु झार्दै भने ।

बाँकी जमिन पनि चर्किएकाले थप क्षति हुन सक्ने स्थानीयले बताएका छन् । सुर्नया गाउँपालिका-८ वडाअध्यक्ष भानबहादुर बोहराले ४० रोपनीबढी मकैबाली लगाएको खेतियोग्य जमिनमा क्षति पुऱ्याएको बताए । सो क्षेत्रमा मात्रै ४० रोपनी बढी खेतियोग्य जमिनमा पहिरोले क्षति पुऱ्याएको उनले जानकारी दिए ।

## घुयँत्रो



त्यसै त ऐलेको सरकार र त्यसका पाटिका नेता,कार्यकर्ता र सांसदहरु पुराना पाटिका नेताहरुलाई सिध्याउन गौंडा कुरेर बसीरा' छन ! यै बेलाँ अख्तियारको प्रमुख आयुक्त प्रेम कुमार राईले यो देशका सबै पूर्वप्रधानमन्त्री बिरुध्द अख्तियारमा मुद्दा आएको कुरा सरकारी कार्यक्रम मै सार्वजनिक गरेछि अब घण्टीहरु उनिहरुलाई पक्राउ गर्न र कार्वाहि गराउन आँफुले सक्ने सबै हर्कत गर्नमा उत्रिने निश्चित छ। ऐले सदनमा रास्वपा सांसदहरुको गतिविधि देख्दानै उदेक लाग्दोछ। विपक्षिहरुले सदनमा वा सरकारी कार्यक्रममा कसैले कुनै कुरो उठाउने बित्तिकै कसरी ठाडै झम्टिन पुग्छन भन्ने कुरा दैनिक सदनमा त देखिएकैछ भने हिजो मात्रै फोहरका विषयमा भएको बैठकमा माननीय आशिका तामाङको हर्कत देख्दा उपस्थित सबैलाई कार्यक्रममा किन आईएछ जस्तो खिन्नता महसुस भएको देखियो ।तर पनि माननीयको व्यवहार र प्रस्तुतिप्रति मन्त्रीले उपस्थित सबैसित माफि त मागे तर के गर्नु माननीयहरुकै ब्यवहारले रास्वपा सरकार नाङ्गीँदै गईरहेका पाटिका ईमानदार कार्यकर्ताहरुले समेत महसुस गरि रहेकाछन। खासगरि विपक्षिहरुलाई पटक्कै टिक्न नदिने खेलमा लागेका सत्तारुढ संसदहरुको यो खेल पुराना दलहरु र त्यसका नेताहरुसित बदलाको भाबनाबाट प्रेरित देखिन्छ। आँफुले कामगर्न नसक्ने तर त्यसको दोष पुराना दलहरुलाई लगाउने र सामाजिक सन्जाल रङ्गाएर पुराना दललाई सत्तोसराप गरेर जुङामा ताउलाउने घण्टीका कार्यकर्ताको खेल उनिहरुकै सरकारका लागिनि खतरनाक देखिन्छ। उनिहरुले आरोप लाउने गरेको पुरानो दलबाट सत्ता गएको १ बर्ष भै सक्यो। ऐले चले सरकार भन्दा पहिलानै यीनै जेनजीहरुको सरकार चलेको थियो र त्यसपछिको चुनाबि प्रकृयाबाटनै फेरि जेनजी अर्थात रास्वपाको सरकार आएको हो। तर, ऐलेका सरकारका कार्यकर्ता गत भदौ अघिको सरकारलाई देखाएर ग्याँस अभावको जिम्मा तिनै पुराना दललाई लगाई रहेकोछ। जबकि तिनै जनताले दुई तिहाई दिएर यो सरकार त्यहि दम्भमा चलि रहेकोछ। सबै सेवा सुविधा मिनेटमा उपलब्ध गराउँछम् जनताको सुख,शान्ति र समृद्धिका लागि रास्वपालाई भोट दिनोस भनेर ६ महिना अघिदेखि लागेको रास्वपा दल र उसको सरकार जनतालाई ग्याँस दिन नसकेर असफल भएछि जनताबाट लखेटिन नपरोस भनेर कपोलकल्पित भ्रम सृजना गरेर ग्याँस नपाईनुमा पुराना दलदोषि भएको कुरा गरेर सामाजिक सन्जाल भरे पनि जनता पनि त्यति गएगुज्रेका छैनन कि रास्वपाले जे जे भन्दै जावस जनता पनि त्यै त्यै पताउँदै जाउन !? त्यसैले पूर्व प्रधानमन्त्रीहरुलाई सँधैभरि भष्टाचारी र अपराधिको संज्ञा दिएर दिनहुँ मार्नु भन्दा अख्तियारमा पूर्वप्रधानमन्त्रीहरुका विरुद्ध उजुरी आएकै हुन भने त्यसमा अनुसन्धान गरेर मुद्दा चलाउनु पर्छ र निर्दोष भए उनिहरु सधैभष्टाचारीको पगरी गुथेर दिनदिनै मर्नु पर्ने छैन। त्यसैले बालेन सरकार आफ्ना कार्यकर्तालाई सडकमा कुदाएर घोक्रो फुटुन्जेल चिच्याएर भष्टाचारीको नारा लगाउन लाग्नु भन्दा यो देशका पूर्वप्रधानमन्त्रीहरुमात्रै हैन अरुपनि जो जो भष्टाचारी छन तिनलाई मुद्दा हालेर अदालतबाटै दोषि करार गराउँदा बेस हुन्न र ? कि यो सरकार भन्ने एक, गर्ने अनेकवाला हो र ? हैन जे भन्छ त्यै गर्छ भन्ने हो भने भष्टाचारीजतिलाई यौटै खौल्टाँ हाल्न किन अबेर ?

# सुदूरपश्चिमका तीन मन्त्री र दुई राज्यमन्त्रीद्वारा शपथ

**युग संवाददाता**
**कैलाली, ६ भदौ ।**

सुदूरपश्चिम प्रदेशका नवनियुक्त तीन मन्त्री र दुई राज्यमन्त्रीले पद तथा गोपनियताको शपथग्रहण गरेका छन् ।

साँझ प्रदेश प्रमुखको कार्यालयमा आयोजित एक समारोहमा मन्त्रीले प्रदेश प्रमुख नजिर मियाँ र राज्यमन्त्रीले मुख्यमन्त्री खगराज भट्टसमक्ष शपथग्रहण गरेका हुन । मुख्यमन्त्री भट्टले आजै नेपाली कम्युनिष्ट पार्टीबाट प्रकाश रावललाई उद्योग, पर्यटन, वन तथा वातावरण, ओमविक्रम भाटलाई भौतिक पूर्वाधार विकास र खुसीराम डगौरा थारूलाई आन्तरिक मामिला तथा कानुनमन्त्री तथा जानकी कुँवरलाई भौतिक पूर्वाधार र इन्दिरा गिरीलाई वन राज्यमन्त्री नियुक्त गरेका थिए ।

गत साउन २९ गते मुख्यमन्त्री नियुक्त भएका भट्टले यसअघि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बाट चक्र मल्ललाई आर्थिक मामिला, सन्तोषी थापा शर्मालाई सामाजिक विकास र दमन भण्डारीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री र जानकी बम ऐरलाई आर्थिक मामिला राज्यमन्त्री नियुक्त गरिसकेका छन् । योसँगै प्रदेश सरकार मन्त्री परिषद्ले पूर्णता पाएको छ ।


## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- भुल लगाएर खाटमा सुत्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२

## RARA Printing Pvt.Ltd.

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing





Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९


**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।